**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २७ अक्तूबर २०२४

समयः १८:५० – १६:०० बजे

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज आकाशवाणीको मन की बात कार्यक्रममा डिजिटल अरेस्टबारे चिन्ता प्रकट गर्नु भएको छ।
- केन्द्रीय गृहमन्त्री अमित शाहले आज पश्चिम बंगालको भारत-बंगलादेश सीमामा रहेको पेट्रापोलमा दक्षिण एसियाको सबै भन्दा ठूलो भूमि बन्दरगाहमा नवनिर्मित यात्री टर्मिनल भवन अनि मैत्री द्वारको उद्घाटन गर्नुभयो।
- पश्चिम बंगालका जुनियर डाक्टरहरूले ३० अक्टोबरमा फेरि एकपटक सी.बी.आई कार्यालयसम्म ऱ्याली निकाल्ने निर्णय गरेका छन्।
- पश्चिम बंगालमा आगामी महिनादेखि तम्बाकू मिश्रित पान मसाला र गुटखामाथि प्रतिबन्ध लाग्ने भएको छ।
- दार्जीलिङ पहाडमा घुम्न आउने पर्यटकहरूको असुविधालाई ध्यानमा राखेर प्रशासनले हेलिकप्टर सेवा आरम्भ गर्ने तयारी गरिरहेको छ।

**मनकी बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज आकाशवाणीको मन की बात कार्यक्रममा डिजिटल अरेस्टबारे चिन्ता प्रकट गर्नु भएको छ। उहाँले भन्नुभयो कानून अनुसार कसैलाई पनि डिजिटली अरेस्ट गर्न सकिँदैन र धोकाधडी रोक्न सबै जांच एजेंसिहरूले मिलेर काम गरि रहेका छन्। श्री मोदीलेले भोलि विश्व एनिमेसन दिवसको अवसरमा भारत एनिमेसनमा नयाँ क्रान्ति तर्फ अघि बढिरहेको बताउनु भयो। प्रधानमन्त्रीले आत्मनिर्भर भारत अभियानको सफलतामा खुसी व्यक्त गर्दै भारतले ८५ देशमा रक्षा उपकरण निर्यात गरिरहेको बताउनु भयो। उहाँले चाडपर्वको समयमा किनमेल गर्दा वोकल फर लोकललाई ध्यानमा राख्न जनतालाई आग्रह गर्नु भएको छ।

****** ० ******

**अमित शाह**

गृहमन्त्री अमित शाहले पश्चिम बंगालमा भारत-बंगलादेश सीमा क्षेत्र पेट्रापोलमा आज भूमी बन्दरगाहमा नवनिर्मित यात्री टर्मिनल भवन अनि मैत्री द्वारको उद्घाटन गर्नुभयो। यस अवसरमा श्री अमित शाहले भन्नुभयो, यस बन्दरगाहको माध्यमबाट दुइ देशहरू बीच व्यापार अनि वाणिज्यिक गतिविधिहरू हुनेछ। उहाले भन्नुभयो, बन्दरगाह भूमि प्राधिकरणले भारतको विकासमा महत्वपूर्ण भूमिका निभाइरहेको छ। पेट्रापोल भूमि बन्दरगाह पश्चिम बंगालको उत्तर २४ परगना जिल्लामा अवस्थित छ अनि यो दक्षिण एशियाको सबैभन्दा ठूलो बन्दरगाह हो। मैत्री द्वार दुवै देशको सहमतिमा बनाइएको छ।

****** ० ******

**पश्चिम बंगाल-डाक्टर**

पश्चिम बंगालका जुनियर डाक्टरहरूले आरजी कार मेडिकल कलेजकी महिला डाक्टरलाई न्याय दिलाउन 30 अक्टोबरमा फेरि एकपटक सीबीआई कार्यालयसम्म ऱ्याली निकाल्ने निर्णय गरेका छन्। यो निर्णय हिजो अबेर राति आयोजित सम्मेलनपछि लिइएको हो जसमा राज्यका विभिन्न सरकारी मेडिकल कलेजका डाक्टरहरू सिविल सोसाइटीका प्रतिनिधिहरू र बांग्ला मनोरञ्जन उद्योगका कलाकारहरूको सहभागिता रहेको थियो। सम्मेलनपछि डाक्टरहरूले मैनबत्ती जुलुस निकालेका थिए। आन्दोलनको नेतृत्व गरिरहेका अनिकेत महतोले 30 अक्टोबरमा सीबीआई कार्यालय बाहिर ऱ्याली निकाल्ने निर्णय

गरिएको जानकारी दिनुभयो। राज्य सरकारले यस मामिलामा कड़ा कदम उठाओस् जसबाट आरजी कर मेडिकल कलेजकी महिला डाक्टरले न्याय पाउन् सकुन् भन्ने डाक्टरहरूको माग छ।

****** ० ******

## गुटखामाथि रोक

पश्चिम बंगालमा आगामी महिनादेखि तम्बाकू मिश्रित पान मसाला र गुटखामाथि प्रतिबन्ध लाग्ने भएको छ। आज राज्य सचिवालय नवान्नको तर्फबाट आगामी 7 नोभेम्बर 2024- देखि बंगालमा गुटखा अनि पान मसालाहरूमाथि प्रतिबन्ध लगाउने निर्देश जारी गरिएको छ। यसको लागि नवान्नद्वारा दिशानिर्देश जारी गरिको छ। दिशानिर्देशमा खाद्य सुरक्षाका धाराहरूको उल्लेख गर्दै भनिएको छ तम्बाकू र निकोटिनको प्रयोगबाट बनिने सामान स्वास्थ्यको लागि राम्रो होइन। गुटखा र पान मसालामा तम्बाकू अनि निकोटिन जस्तो पदार्थ हुन्छ त्यसैले यो स्वास्थ्यको लागि हानिकारक छ। त्यसैले पान मसाला र गुटखाको उत्पादन भण्डारण वितरण एवं बिक्रीमाथि एक वर्षको लागि रोक लगाइंदैछ। यो निर्देश आगामी 7 नोभेम्बर 2024- देखि राज्यभरि नै लागू हुनेछ।

****** ० ******

## डुक्पा वेलफेयर एसोसिएशन

डुक्पा वेलफेयर एसोसिएशन केन्द्रीय समितिको सभा जोरबंग्लोमा आज सभापति सांगे डुक्पाको अध्यक्षतामा सम्पन्न भयो। सभामा एसोसिएशनको हालसम्मको कार्य विवरण तथा आय-ब्ययको प्रस्तुत गरियो। सभामा शाखा प्रतिनिधिहरूले विभिन्न सुझावहरू राखे। सभापति सांगे डुक्पाले आगामी ७ डिसेम्बरमा घूममा स्वतन्त्रता सेनानी गागा छिरीङ डुक्पाको ११५औं जन्म जयन्तीको अवसरमा आम सभा आयोजना गरिने र डुक्पा समुदायको सोनाम लोसुङ पर्व २९ डिसेम्बरदेखि सुरू हुने जानकारी गराउनु भयो।

****** ० ******

## कालो छाँया

अगमसिंह गिरी नाट्य कला संस्थान तीनधारे र गोर्खल्याण्ड क्षेत्रीय प्रशासनको सूचना अनि सांस्कृतिक विभागको संयुक्त आयोजनामा हिजो तीनधारेमा लामो समयपछि पूर्णांकी नाटक कालो छाँया मञ्चन गरियो। दार्जिलिङ पहाड़को वर्तमान अवस्था र चियाबारीहरूको समस्यालाई दर्साइएको कालो छाँया नाटकका नाटककार निर्देशक अगमसिंह गिरी नाट्य कला संस्थान तीनधारेका मूल सचिव सुवास बान्तावा रहेका छन् भने अभिनय निर्देशन जेबी गुरुङको रहेको छ। तीनधारेको महात्मा गान्धी हलमा दुई चरणमा नाटक मञ्चन गरिएको थियो भने कार्यक्रमलाई पत्रकार हनोक थापाले सञ्चालन गरेका थिए। कार्यक्रममा संस्थानका सभापति सुरेशचन्द्र दर्नाल मूल सचिव साथै नाटककार एंव निर्देशक सुवास बान्तावाले वक्तव्य राखेका थिए। नेपाली नाटक लेखन र मञ्चनको लामो इतिहास रहेको तीनधारेमा सन् 1930 सालदेखि नाटक लेखन र मञ्चनको कार्य भईरहेको छ।

****** ० ******

## कालेबुङ-स्विमिङ

सायोन संस्थाको आयोजनामा कालेबुङको ६ माइलमा रहेको उमल्याङ स्विमिङ पुलमा ओपन स्विमिङ प्रतियोगिता आज सम्पन्न भयो। ओपन स्विमिङ प्रतियोगितामा विभिन्न उमेर समूहका तैराकीहरूले भाग लिएका थिए। यस प्रतियोगिताको उद्देश्य खेलकुद र स्वास्थ्यप्रति जनचेतना जगाउनु रहेको बताइएको छ। कार्यक्रममा कालेबुङका बी.डी.ओ समिरूल इस्लामलगायत अन्य गणमान्य व्यक्तिहरूको उपस्थिति रहेको थियो।

****** ० ******

## पहाडमा हेलिकप्टर-सेवा

सडकहरूको बेहाल अवस्था अनि पैह्रोको कारण दार्जीलिङ कालेबुङ पहाड घुम्न आउने पर्यटकहरूको असुविधालाई ध्यानमा राखेर प्रशासनले हेलिकप्टर सेवा आरम्भ गर्ने तयारी गरिरहेको छ। सिक्किममा झैं दार्जीलिङ अनि कालेबुङमा पनि यो सेवा आरम्भ गरिए पर्यटकहरू हेलिकप्टरमा सवार भएर कञ्चनजङ्घा लगायत पहाडको मनोरम दृश्यहरू हेर्दै दार्जीलिङ कालेबुङ पुग्न सक्नेछन्। जीटीए सूत्रअनुसार यसको निम्ति हेलिप्याड निर्माण गर्ने तयारी अघिबाटै भइरहेको छ। मिरिकमा पुरानो हेलिप्याड

मरम्मत्ति गरिइँदैछ भने दार्जीलिङको धोत्रे अनि कालेबुङको डेलोमा अझ दुईवटा हेलिप्याड बनाइने सूत्र मार्फत थाहा लागेको छ। यसै वर्ष हेलिप्याड निर्माण कार्य शुरू हुने कुरामा प्रशासनिक अधिकारीहरू आशावादी छन्। यसैबीच मिरिकको पुरानो हेलिप्याडमा ट्राइल रन सफल भइसकेकोले हेलिकप्टर सेवा आरम्भ गर्नमा धेर परिश्रम गर्न नपर्ने प्रशासनिक अधिकारीहरूको भनाइ छ।

****** ० ******

**अन्तिम संस्कार**

खरसाङ क्षेत्रका शिक्षाविद् समाजसेवी तथा पूर्व शिक्षक सप्त बहादुर प्रधानको आज सम्मानसहित अन्तिम संस्कार गरिएको छ। उहाँको पार्थिव शरीरलाई खरसाङ बजारस्थित उहाँको निवासबाट लगेर गोर्खा जनपुस्तकालय खरसाङमा श्रद्धाञ्जलीका लागि राखिएको थियो। कार्यक्रममा विभिन्न व्यक्तिहरूले उहाँलाई श्रद्धाञ्जली अर्पण गरे र पण्डित तुलसीप्रसाद अधिकारीद्वारा मन्त्रोच्चारण पनि गरिएको थियो। पुस्तकालयका उपाध्यक्षद्वय प्रकाश प्रधान र कृष्ण पाण्डेले पनि श्रद्धाञ्जली अर्पण गरे। त्यसपछि नेवार परम्परा अनुसार पूजा गराई पार्थिव शरीरलाई खरसाङ बजार परिक्रमा गरी अन्तिम संस्कारका लागि लगिएको थियो। समाजसेवी सप्त बहादुर प्रधानको निधन हिजो बिहान ९० वर्षको उमेरमा भएको थियो।

****** ० ******

**सिक्किम म्याराथन**

पूर्वी कमान्ड र त्रिशक्ति कोरले फिटिस्तानरू एक फिट भारतको सहयोगमा आज २०२४ मा गान्तोकको पाल्जोर स्टेडियममा पहिलो सिक्किम सोल्जेरथन (हिल हाफ म्याराथन) सफलतापूर्वक आयोजना गर्यो। रन विद ऑउर सोल्जर्स विषयमा आधारित यस कार्यक्रम भारतीय सेनाको र भारतका नागरिकहरू विशेष गरी युवाहरू बीचको सम्बन्धलाई बलियो पार्ने उद्देश्यले आयोजित गरिएको थियो। यस म्याराथनमा १२ राज्यका २९ शहरहरुबाट १५०० जनाले भाग लिएका थिए।

****** ० ******

**आर बी भुजेल**

आज बिजनबारीका नागरिकहरुले बिजनबारी महाविद्यालयका प्राचार्य डा. आर.बी. भूजेललाई सम्मान जनाए। कार्यक्रममा नाट्यकर्मी टी.बी. बराईलीले डा. भूजेलको बारेमा मिठो संस्मरण सुनाउदै श्री भुजेलले जिर्ण अवस्थामा रहेको डिग्री कलेजलाई नयाँ जीवन दिएको बताउनु भयो। डा. भूजेलको कार्यलाई सराहना गर्दै बिजनबारीका नागरिकहरुले उहाँलाई अंगवस्त्रए शिरशोभाए खदाए र स्मृतिचिन्ह अर्पण गरि सम्मान गरेको हो। साथैए विभिन्न स्थानीय संस्थाहरुले पनि डा. भूजेललाई खदा र स्मृतिचिन्ह प्रदान गरे।

****** ० ******

************